# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## कोभिड–१९ सम्बन्धी वेबिनार सम्पन्न

नेपाल राष्ट्र बैंकले २०७७ असार ११ गते सार्क राष्ट्रका केन्द्रीय बैंकका अधिकारीहरूको सहभागितामा 'Webinar on Covid-19, Policy Sharing by member Central Banks of SAARCFINANCE' विषयक वेबिनार आयोजना गऱ्यो ।




उक्त बेविनारमा नेपाल राष्ट्र बैंकसँगै सार्क राष्ट्रका अन्य केन्द्रीय बैंकहरू दा अफगानिस्तान बैंक, बंगलादेश बैंक, रोयल मनिटरी अथोरिटी अफ भुटान, रिजर्व बैंक अफ इण्डिया, माल्दिभ्स मनिटरी अथोरिटी, स्टेट बैंक अफ पाकिस्तान र सेन्ट्रल बैंक अफ श्रीलंकाका अधिकारीहरूको सहभागिता थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य राख्दै कोभिड-१९ का कारण नेपालको अर्थतन्त्र र वित्तीय क्षेत्रमा परेको असरबारे जानकारी दिनुभयो ।

वेबिनारमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.गुणाकर भट्टले नेपालको वर्तमान आर्थिक स्थितिको चित्रण गर्दै कोभिड-१९ को असरलाई सम्बोधन गर्न नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो । यसैगरी, अन्य केन्द्रीय बैंकका अधिकारीहरूले पनि कोभिड-१९ को असर न्यूनीकरणको निम्ति आ-आफ्ना बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभएको थियो ।

उक्त वेबिनारको आयोजनाबाट कोभिड-१९ का कारण वित्तीय क्षेत्रमा परेको असर र त्यसको न्यूनीकरणका निम्ति आवश्यक मौद्रिक नीति र अन्य नीतिगत व्यवस्थाको तर्जुमामा सहयोग पुग्ने अपेक्षा राखिएको छ । कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । गभर्नरको कार्यालयका निर्देशक एवम् सार्क फाइनान्स संयोजक गोविन्दप्रसाद नागिलाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रलगायतको सहभागिता थियो ।




'सार्क फाइनान्स' दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकहरूको सञ्जाल हो । सार्क राष्ट्रहरूबीच समष्टिगत आर्थिक नीतिको विषयमा खुला छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा 'सार्क फाइनान्स'को स्थापना भएको थियो ।

मिति २०७७ असार ११ गते ।

गभर्नरको कार्यालय